हैमप्रभा (विज्ञसमीक्षित जर्नल)- अङ्क : २१, २०७९ पृ. २०५-२१२ ISSN : 2392-4764 (P)

# राशिफलको मनोविज्ञान

**लोमशकुमार लामिछाने**
उपप्राध्यापक : ज्योतिष विभाग
जनता विद्यापीठ, नेसंवि, दाङ, नेपाल
Email : lomashlamichhane@gmail.com

*https://doi.org/10.3126/haimaprabha.v21i01.44867*

**सारसङ्क्षेप**

*अहिले कुनै पनि व्यक्तिको जन्मकालमा चन्द्रमाको अवस्थाका आधारमा तय गरिने मेष वृष आदि राशिहरू र तिनका फलहरूका बारेमा नसुनेको या चासो नराखेको सायद कोही पनि छैन होला । दुई दशक अगाडिसम्म पनि यो कुरा त्यति धेरै चर्चा एवं जानकारीको विषय थिएन । विहान उठ्ने बित्तिकै सञ्चारमा माध्यमहरूमा आफ्नो राशिफल खोज्ने, पढ्ने र फलअनुसारको राम्रो नराम्रो वा तटस्थ मनोभावनाले या कृतिम तटस्थ मनोभावले त्यसमाथि प्रतिकिया व्यक्त गर्ने वा अनुभव गर्ने गरेको पाइन्छ। राशिफलले कतिपयको मनस्थितिलाई क्षणिकरूपमा भने कतिपयको मनस्थितिलाई लामो समयसम्म केही न केहीरूपमा सूक्ष्मरूपले प्रभावित गरिरहेको हुन्छ । ज्योतिषशास्त्रमा राशिफलको सैद्धान्तिक आधार के हो र यसले कसरी काम गर्छ भन्ने कुराबारे हामीहरू स्पष्ट नहुँदा यसबाट दिग्भ्रमित हुने, अनावश्यक तनाव व्यहोर्नु पर्ने एवं आर्थिक क्षति समेत हुने अवस्था रहन्छ । ज्योतिषशास्त्रहरूमा ग्रहहरूले आफ्नो आफ्नो कक्षमा भ्रमण गर्दा राशिहरूसँग उत्पन्न हुने कोणीय अन्तरले तत् तत् राशिका व्यक्तिहरूलाई पार्ने प्रभावका बारेमा व्याख्या गरिएको छ । ती ग्रहहरूको गतिले तत् तत् राशिहरू माथि ग्रहको प्रभाव कति समयका लागि रहन्छ भन्ने कुरा निर्धारित हुन्छ । कुनै पनि व्यक्तिलाई ग्रहहरूको जन्मकालिक बलाबल तथा शुभाशुभत्व अनुरूपकै प्रभाव ती ग्रहहरूको गोचरफलमा पनि देखिन्छ ।*

**शब्दकुञ्जी**
राशि, गोचरफल, ग्रहफल, राशिफल, वेध आदि ।

## विषयपरिचय

मेष वृष मिथुन आदि गरिएका बाह्र राशिहरूमा जन्म भएका व्यक्तिलाई सूर्य आदि ग्रहहरूले आफ्नो आफनो कक्षमा भ्रमण गरी रहँदा निरन्तर परिवर्तन भई रहने अवस्थितिबाट जनित फल नै राशिफल हो । कुनै पनि व्यक्तिको राशिमाथि कुनै निश्चित ग्रहको गोचरफलको प्रबलता विचार गर्दा जन्मकालिक लग्नअनुसार त्यस ग्रहको अवस्थिति एवं बलाबललाई आधार मान्नु पर्ने देखिन्छ । भनिएको छ-ज्योतिःशास्त्रफलं पुराणगणकैरादेश इत्युच्यते । नूनं लग्नबलाश्रितः पुनरयं तत् स्पष्टखेटाश्रयम् ॥ (आचार्य, २००४, पृ.८) गोलाश्रित ग्रहहरू नित्य निरन्तर भ्रमणशील छन् । ती सँधै त्यही जन्मकालिक अवस्थितिमा स्थिर रहँदैनन् । यसरी भ्रमणशील रहँदा तत् तत् समयमा उत्पन्न हुने समग्र ग्रहस्थितिले कुनै राशि विशेषमा जन्मिएका व्यक्तिलाई पार्ने प्रभाव नै राशिफल अर्थात् गोचरफल हो ।

यो गोचरफल प्राचीन ज्योतिर्विद् ऋषिहरूद्वारा विभिन्न पुराण आदि एवं ज्योतिषशास्त्रहरूमा पहिलेदेखि नै पर्याप्त वर्णित प्रमुख विषय हो । तर पनि आजभन्दा दुई दशक अगाडिसम्म पनि यो विषय सामान्य जनस्तरको चर्चा एवं चासोको विषय रहेको पाइदैन । यो विषयविज्ञ ज्योतिषीहरूले कुनै व्यक्ति विशेषको कुण्डली विश्लेषण गर्ने सम्बन्धमा तात्कालिक ग्रहस्थितिले के कस्तो प्रभाव पारिरहेको छ भन्ने कुराको समेत विश्लेषण गरी फलादेश गर्ने सन्दर्भमा उपकरणका रूपमा उपयोग भइरहेको विषय हो । सञ्चार माध्यमहरूको व्यापक विस्तार एवं विकास पछि यस विषयले सञ्चारमा प्रायः सबै माध्यमहरूमा पाएको स्थानका कारण यो विषय सर्वजन विदित एवं व्यवहृत हुन आएको हालको सन्दर्भमा यस विषयले व्यापकरूपमा संचारका माध्यममा पाएको स्थान एवं जनसाधारणको चासोको विषय बन्नुका पछाडिको मूल कारण यो विषय अर्थसँग जोडिनु हो । हाल आएर यो विषय सञ्चार माध्यमहरू एवं कतिपय ज्योतिषीहरूको राम्रो कमाइको माध्यमसमेत बनेको सन्दर्भमा आम जनमानसलाई चाहिँ यस विषयले के कस्तो लाभ दियो या हानि भन्ने कुरा समेत चर्चायोग्य छ । यस सन्दर्भमा विभिन्न सञ्चार माध्यमहरूमा प्रकाशित हुने दैनिक, साप्ताहिक, मासिक तथा वार्षिक राशिफल एवं कतिपय व्यक्ति वा प्रकाशनगृहले सबै राशिहरूका लागि राशिफल पुस्तिकाहरू प्रकाशित गरेको देखिन्छ तापनि यस विषयमा यसप्रकारले चर्चा भएको चाहिँ खासै पाइदैन ।

## अध्ययन विधि

यस लेख लेखनका सन्दर्भमा पुस्तकालयमा उपलब्ध ज्योतिष विषयका ग्रन्थहरूमा वर्णित ग्रह गोचरफलसम्बद्ध विषयहरूलाई सहायक सामग्रीको रूपमा उपयोग गरिनुका साथै नेपाली समाचारपत्रहरूमा सुरुवाती चरणमा राशिफल लेखनमा संलग्न राशिफल विज्ञहरूको अनुभवका बारेमा मौखिक छलफलबाट प्राप्त जानकारी एवं वर्तमानमा आम जनमानसको यस विषयप्रतिको अवधारणा आदिलाई समेतलाई उपयोग गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

एउटा व्यापक जनचासोको रूपमा व्यवहृत भई सकेको यो विषयको धरातल कति मजबुत छ त भन्ने विषयमा एवं संसारभरीका सम्पूर्ण मानिसहरूलाई केवल बाह्र वर्गमा विभाजित गरी उनीहरूको दैनिक क्रियाकलापमा समेत  प्रत्यक्ष अप्रत्यक्ष असर पार्नसक्ने यस विषयको विश्वस्नीयता कतिसम्म हो या यस विषयलाई असर पार्ने तत्वहरू के के हुनसक्छन् भन्ने कुरामा ज्योतिषशास्त्रीय मूल्यमान्यताका आधारमा स्पष्ट पार्ने प्रयास गरिएको छ । साथै हामीले फलहरूलाई कसरी लिने, कति डराउने या खुसी हुने या यो कुरा चर्चा परिचर्चा गरिएजस्तो महत्व दिराख्ने विषय हो वा होइन । वर्तमानमा यस विषयले पाईराखेको चर्चा परिचर्चा केवल एउटा कमाईको फगत माध्यममात्र पो हो कि भन्ने कुरालाई शास्त्रीय मान्यताको आधारमा मूल्याङ्कन गरी यसको व्यवहारले समाजमा उत्पन्न हुनसक्ने नकारात्मक मनोवैज्ञानिक प्रभावलाई कम गर्न एवं यसबाट समाजले लिन सक्ने फाइदाका आधारहरू तय गर्नुपर्ने आवश्यकता देखिएको छ

## छलफल/विमर्श

प्रस्तुत लेखको विषयवस्तुको स्पष्टताका लागि राशि, जन्मराशि, राशिफल, दैनिक साप्ताहिक राशिफल, मासिक वार्षिक राशिफल, वेध विचार, गोचरफलमा जन्मकालिक ग्रहबलको विचार, सामाजिक

मनोविज्ञान आदि उपशीर्षक राखी राशिफलको शास्त्रीय आधार एवं सामाजिक मनोविज्ञान पहिल्याउने कार्य निम्नलिखित रूपमा गरिएको छ :

### राशि

सामान्य अर्थमा राशि शव्दले कुनै वस्तुको थुप्रो भन्ने बुझिन्छ । तीस अंश बराबरको परिमाण थुप्रोलाई बुझाउन राशि शब्द प्रयोग गरिएको हुनसक्छ वा तीस अंश बराबरको आकाशको भागमा देखिने नक्षत्रहरूको थुप्रोको सामुहिक नामका रूपमा राशि शब्द छनौट भएको पनि हुनसक्दछ । बृहत् नेपाली शव्दकोशमा राशिफललाई क्रान्तिवृत्तमा रहेका मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धनु, मकर, कुम्भ र मीन यी बाह्र ताराहरूको समूहका रूपमा अर्थ्याइएको छ । ज्योतिषशास्त्रको मुख्य काम भनेको नै ग्रहादि खगोलीय पिण्डहरूको गति र अवस्थिति पत्ता लगाउनु हो । त्यही गति र अवस्थितिलाई मापन गर्नका लागि आकाशमा हामीले देख्दा सूर्यले पृथिवीलाई परिकमा गरे जस्तो गरी हुन आउने वृत्त कल्पना गरिएको छ । त्यस वृत्तका ३६० अंशलाई बराबर बाह्र भागमा विभाजन गरी प्रत्येक ३०-३० अंशका भागलाई मेष वृष मिथुन आदि नाम दिएर बाह्रवटा राशिहरूको नामाकरण गरिएको छ । यस वृत्तलाई राशिचक, राशिवृत्त, क्रान्तिवृत्त, भवृत्त आदि भनिन्छ । खगोलमा आफ्नो-आफ्नो कक्षामा अवस्थित ग्रहहरूले आ-आफ्नो भ्रमणवृत्तमा रही पूर्वाभिमुखी गतिले परिकमा गरी रहँदा उनीहरूको गति र अवस्थिति यही राशिचक्रमा रहेका राशि, अंश, कला र विकला प्रयोग गरी मापन गरिन्छ । आफ्नो आफ्नो कक्षाअनुसार ग्रहहरू खगोलमा जहाँसुकै भए पनि उनीहरूको मान यही राशिवृत्तमै मापन गरिन्छ। यसबाट के कुरा स्पष्ट हुन्छ भने राशि भनेको त्यही राशिवृत्तका ३६० अंशको बाह्रवाँ अर्थात् ३० अंश बराबरको भाग हो । यसै गरी राशिवृत्तका ३६० अंशको २७ वाँ भाग अथीत् १३ अंश २० कला बराबरको भागलाई एक नक्षत्रको रूपमा व्यवहार गरिन्छ । एक राशिभित्रका ३० अंशमा १३ अंश २० कलासम्म पहिलो, २६ अंश ४० कलासम्म दास्रो र बाँकी रहेको ३ अंश २० कलाको नक्षत्रको १ पाउ गरी जम्मा सवा दुई नक्षत्र हुन्छन् । त्यही १३ अंश २० कलाभित्रका जम्मा ८०० कला पार गर्न चन्द्रमाले लगाउने समय बराबरको मान एक नक्षत्रको घट्यादि मान हुन्छ ।

### जन्मराशि

हाम्रा ज्योतिर्विद पूर्वज ऋषिमुनिहरूले पत्ता लगाएका एवं हालसम्म व्यवहार गरिदै आएका सूर्यादि ग्रहहरूमध्ये दूरीका आधारमा पृथिवीदेखि सबैभन्दा नजिकको ग्रह चन्द्रमा हो । व्यक्तिको स्वभाव व्यवहार चिन्तन आदिमा प्रत्यक्ष प्रभाव पार्ने मनको अधिष्ठाताका रूपमा चन्द्रमालाई लिइएको छ (दैवज्ञ, १९८९, पृ.१६) । अतः हाम्रो जीवनमा चन्द्रमाको अत्यधिक प्रभावलाई विचार गरी फलादेश प्रयोजनका लागि एवं नामाकरण आदि प्रयोजनका लागि समेत चन्द्रमालाई विशेष प्रधानता दिइएको छ । भनिएको छ –

लग्नं हस्ती नृपश्चन्द्रः सौम्यपापाश्च भृत्यकाः ।
नृपे नष्टे कथं युद्धं कथं च फलमादिशेत् ॥
........सर्वेषु लग्नेष्वपि सत्सु चन्द्रलग्न प्रधानं खलु गोचरेषु (शास्त्री, १९९०, पृ.११९) ।

अर्थात् लग्न लडाइँमा खटिएको हात्तीजस्तो हो । चन्द्रमा चाहीँ राजा जस्तो हो भने बाँकी शुभ र पाप

ग्रहहरू केवल अरू सैनिकादि कर्मचारी मात्र हुन् । जसरी सम्पूर्ण आदेश दिने राजाविना युद्ध सम्भव छैन त्यसै गरी चन्द्रमाबिना फलादेश पनि सम्भव छैन । व्यक्ति जन्मदा चन्द्रमा अवस्थित रहेको राशिलाई नै उक्त व्यक्तिको जन्म राशिका रूपमा संकल्पादिमा व्यवहार गर्ने गरिएको छ भने तत्कालमा चन्द्रमा स्थित नक्षत्रका आधारमा व्यक्तिको नामाकरण गरिन्छ । राशि वृत्तका प्रत्येक १३ अंश २० कला बराबरको एक नक्षत्रको भाग पार गर्न चन्द्रमाले लगाएको समय नै उक्त नक्षत्रको घट्यादि पूर्णभोग अर्थात् भभोग हुन्छ । जन्मनक्षत्रको पूर्णभोग काललाई चार भागमा बाँडी प्रत्येक नक्षत्रका चार चरणहरू बनाई ती चरणहरूका आधारमा अवकहडा चक्रानुसारका अक्षरहरूबाट नामाकरण गरिएको हुन्छ । यसरी कुनै पनि व्यक्तिको जन्मराशि मेष वृष आदि फलानो राशि हो भन्नुको मतलब उक्त व्यक्ति जन्मदा चन्द्रमा त्यही राशिमा भ्रमणशील रहेछ भन्ने कुरा स्पष्ट हुन्छ ।

## राशिफल

मेष वृष मिथुन आदि गरिएका १२ वटा राशिहरूका व्यक्तिहरूलाई सूर्यादि ग्रहहरूले आ-आफ्नो भ्रमणमार्गमा भ्रमणशील रहँदा उत्पन्न हुने कोणीयान्तरका कारण पार्ने प्रभावलाई नै राशिफल भनिन्छ । उदाहरणका लागि मानौ कुनै व्यक्तिको जन्मराशि मिथुन हो र तत्कालमा सूर्य यदि सिंह राशिमा रहेछ भने उक्त व्यक्तिको जन्म राशिदेखि सूर्य तेस्रो राशिमा रहेको अवस्था भयो । यसरी कुनै पनि राशिबाट तेस्रो स्थानमा रहँदासम्म सूर्यले उक्त राशिका व्यक्तिहरूलाई पार्ने सकारात्मक वा नकारात्मक प्रभाव नै त्यस अवस्थाका लागि उक्त व्यक्तिमाथि सूर्यको फल अर्थात् राशिफल हो । एवं क्रमले सूर्यले मेषादि १२ राशिहरूमा भ्रमण गर्दा उक्त सिंह राशिका व्यक्तिहरूलाई सकारात्मक वा नकारात्मक फरक फरक प्रभाव पारी रहेको हुन्छ । यसै गरी चन्द्रमा एवं बाँकी सबै ग्रहहरूको पनि उक्त राशिदेखि क्रमैले १२ वटा राशिमा रहँदा तत् तत् स्थानअनुसारको प्रभाव रहने भयो । राशिहरूमाथि पर्ने यहि प्रभावलाई ग्रह गोचरफल अर्थात् ग्रहहरूले वर्तमानमा हिँड्दा हिँड्दै पार्ने प्रभावका रूपमा ज्योतिष शास्त्रहरूमा व्याख्या गरिएको छ । उक्त सूर्यादि ग्रहहरूको जन्म राशिदेखिका १२ वटा राशिमा फरक फरक प्रभाव पर्ने भएको हुँदा ग्रहहरू एक राशिमा कति समयसम्म रहन्छन् अर्थात् एक राशि हिँड्न कति समय लगाउँछन् भन्ने कुरा जान्नु महत्वपूर्ण हुन्छ ।

सबै ग्रहहरूको गति समान हुदैन (दैवज्ञ, २०३७, पृ.२१) । चन्द्रमाले एक राशि पुरा गर्न लगभग सवा दुई दिन लगाउँछ भने शनिलाई अढाई वर्षसम्म लाग्दछ । यसको मतलब कुनै एक राशिलाई सवा दुई दिनसम्म चन्द्रमाको एकप्रकारको फल रहने भयो भने अर्को सवा दुई दिनसम्म अर्को प्रकारको फल रहने भयो । त्यसै गरी शनिको पनि कुनै निश्चित राशिका व्यक्तिलाई दुई वर्ष छ महिना अर्थात् अढाई वर्षसम्म एकप्रकारको फल पुनः अर्को अढाई वर्षसम्म अर्को प्रकारको फल रहने हुन्छ । ग्रहहरूले स्वमार्गमा भ्रमण गर्दै गर्दा मध्यम हिसाबले एक राशि पार गर्न लाग्ने समयका बारेमा यसरी उल्लेख भएको पाइन्छ –

मासं शुक्रबुधादित्याश्चन्द्रः पाददिनद्वयम् ।
भौमस्त्रिपक्षं जीवोऽब्दं सार्धवर्षद्वयं शनिः ॥

राहुः केतुः सदा भुंक्ते सार्धमेकं तु वत्सरम् (शर्मा, २०५५, पृ.३५८) ।

अर्थात् सूर्य बुध शुक्रले एक महिना, चन्द्रमाले सवा दुई दिन, मंगलले डेढ महिना, बृहस्पतिले एक वर्ष, शनिले अढाई वर्ष र राहु केतुले डेढ वर्षसम्म एक राशिको भोग गर्न लगाउँछन् अर्थात् एक राशिमा रहन्छन् ।

## दैनिक साप्ताहिक राशिफल

प्रायः जसो सबै दैनिक तथा साप्ताहिक पत्रपत्रिका एवं अन्य सञ्चार माध्यमहरूले प्रत्येक दिन तथा हप्ताको राशिफल प्रकाशन प्रसारण गरिरहेका हुन्छन् । ग्रहहरूले कुनै निश्चित राशिलाई त्यो राशिदेखिका पहिलो दोस्रो तेस्रो आदि १२ वटा राशिहरूमा रहँदा पार्ने प्रभाव नै राशिफल हो । कुनै खास दिनमा कुनै राशिलाई कस्तो प्रभाव रहन्छ भन्नुपर्दा सबैभन्दा छिटो राशि परिवर्तन गर्ने ग्रह चन्द्रमा पनि लगभग सवा दुई दिनसम्म एउटै राशिमा रहन्छ भने बाँकी ग्रहहरूले राशि परिवर्तन गर्ने समय चाहीँ एक महिनाभन्दा धेरैको हुन्छ । त्यस्ता ग्रहको प्रभाव कुनै निश्चित राशिलाई कम्तिमा पनि एक महिनासम्म एकै प्रकारको रहने हुन्छ। चन्द्रमाको मात्र फलका आधारमा राशिफल लेख्दा लगभग दुई दिनसम्मको एकै प्रकारको फल हुने अनि बाँकी ग्रहको आधारमा लेख्दा लगभग महिना दिनसम्मको एकै प्रकारको राशिफल लेख्नु पर्ने हुन्छ। महिना दिनसम्म प्रत्येक दिन एकैप्रकारको राशिफल लेख्ने कुरा भएन। त्यस कारण दैनिक राशिफल लेख्दा चन्द्रमाको फलमात्र उल्लेख गर्नु पर्ने हुन्छ भने दिनको बीचमै चन्द्रमाले राशि परिवर्तन गर्ने भए चन्द्रमाको दुबै स्थानअनुसारको फललाई मिलाएर लेख्नुपर्ने हुन्छ । साप्ताहिक राशिफलको सन्दर्भमा पनि एक सप्ताहभित्र चन्द्रमाको मात्र राशि परिवर्तन हुने र सप्ताहको बिचमा अरू कुनै ग्रहले राशि परिवर्तन नगरेको खण्डमा चन्द्रमाको फलमा मात्र विविधता आउने एवं बाँकी ग्रहहरूको सातै दिनसम्म एकैप्रकारको फल दोहोऱ्याउनु पर्ने हुन्छ। प्रायः सर्वत्र यस कुरालाई ख्याल नगरी, चन्द्रमा एवं अन्य ग्रहका शास्त्रोल्लेखित तोकिएका फलहरू नलेखी एवं वेधको विचार नगरी राशिफललाई रोचक एवं चक्षुप्रिय बनाउने प्रयास गरिएको हुन्छ। अतः आजभोलिका सञ्चार माध्यमहरूमा प्रकाशन एवं प्रसारण हुने दैनिक तथा साप्ताहिक राशिफल लेखन मासिक वार्षिक राशिफलका तुलनामा अझ विकृतिमय र शास्त्र असम्मत भएको निष्कर्ष निकाल्न सकिन्छ।

## मासिक वार्षिक राशिफल

सूर्यादि ग्रहहरूमा सबैभन्दा कम गति भएको शनिले एक राशि पार गर्न दुई वर्ष छ महिना लगाउँछ भने राहु अनि केतुले एक वर्ष छ महिना लगाउनुबाहेक बाँकी सबै ग्रहहरूले एक वर्ष वा सोभन्दा कम अवधि लगाउने भएकाले मासिक राशिफल लेख्नुपर्दा सूर्य बुध शुक्रको फलमा प्रतिमहिना विविधता हुन आउने र मंगलको डेढ महिनासम्म समान फल रहने हुन्छ। महिनाभरीको वा वर्षभरीको फल लेखनमा सवा दुई दिनमा राशि परिवर्तन गर्ने चन्द्रमाको प्रयोजन देखिदैन। चन्द्रमाले महिना दिनमा पूरै १२ वटा राशिहरूको भ्रमण गरी सक्ने (आचार्य, २००४, पृ.१३१) भएका कारण जन्म राशिदेखि सबै १२ स्थानमा रहेको चन्द्रमाको फल लेख्नु पर्ने हुन्छ, जुन उपयुक्त मानिदैन । मासिक राशिफल लेखनमा बृहस्पतिको फल पनि पूरा वर्षभरी एकैप्रकारको रहने हुँदा महिनै पिच्छे उही फल दोहोऱ्याउनु पर्ने देखिन्छ भने वार्षिक

फल लेख्दा वर्ष वर्षको फलमा विविधता रहने हुन्छ । यसै गरी मासिक राशिफलमा शनिको फलको आवृत्ति ३० महिनासम्म भइरहने हुन्छ । वार्षिक राशिफलमा भने शनिको दुई वर्ष छ महिनासम्म एउटै फल उल्लेख गर्नु पर्ने अवस्था रहन्छ । राहु र केतुको फलको सन्दर्भमा मासिक फलमा १८ महिनासम्म फलको आवृत्ति भइरहने भयो भने वार्षिक फल लेखनमा प्रत्येक वर्षको फल फरक फरक हुने हुन्छ । दैनिक र साप्ताहिक राशिफल लेखनमा चन्द्रमाको फलको प्रधानता रहने तथा मासिक र वार्षिक राशिफलमा सबै ग्रहहरूको फलको तारतम्य मिलाएर शुभ अशुभ फल मिलाएर निष्कर्षरूपमा लेख्नु पर्ने हुन्छ । दैनिक र साप्ताहिक राशिफल लेखनको तुलनामा मासिक तथा वार्षिक राशिफलमा कम विकृति देखिन्छ ।

## वेध विचार

जन्म राशिदेखि १२ वटा पृथक पृथक राशिहरूमा रहँदा ग्रहहरूले स्थानअनुसारको शुभ र अशुभ फल प्रदान गर्ने कुरा माथि चर्चा गरियो । ग्रहहरूले यसरी प्रदान गर्ने फल ग्रहगोचर फल हो । प्रायः सबै जसो फलित ज्योतिषसम्बद्ध गन्थहरूमा गोचर प्रकरण समावेश गरिएको हुन्छ जहाँ सूर्य आदि सबै ग्रहहरूका जन्म राशिदेखि अलग अलग १२ राशिहरूमा रहँदाका फलहरूको वर्णन गरिएको हुन्छ (शर्मा, २०५५, पृ.३५३-३५५) । यसरी वर्णन गरिएका फलहरू निःसर्त सबै अवस्थाका लागि शुभ वा अशुभ चाहिँ होइनन् । सूर्यादि नव ग्रहहरूका जन्म राशिदेखिका फलहरू वर्णन गरिएअनुसार सँधै शुभ वा अशुभ रहदैनन् । तात्कालिक खगोलीय ग्रहस्थितिका आधारमा ती फलहरूको शुभाशुभत्व परिवर्तन हुने गर्दछ । यस सन्दर्भमा ज्योतिषशास्त्रमा सबै ग्रहहरूका जन्म राशिदेखिका शुभ स्थान र ती शुभ स्थानका विद्ध स्थानहरूको उल्लेख गरिएको छ । (दैवज्ञ, १९९०, पृ.१९४) । सामान्यतया शुभ स्थानमा रहेको ग्रहले शुभफल र विद्ध स्थानमा रहेको ग्रहले अशुभ फल प्रदान गर्ने हुन्छन् । यी शुभ र विद्ध स्थानहरूको गणना आफ्नो जन्मराशिदेखि गर्नु पर्दछ भन्ने नारदादि ऋषिहरूको मत छ भने अन्य कश्यपादि ऋषिहरूका अनुसार चाहिँ ग्रहस्थित राशिदेखि उक्त शुभ र विद्ध स्थानहरूको गणना गर्नु पर्दछ भन्ने रहेको छ । नेपाल भारत सर्वत्र नै नारदको मतका अनुसार नै भनिएका शुभ र विद्ध स्थानहरूको गणना गर्ने प्रचलन रही आएको छ । कुने ग्रहको फल विचार गर्दा यदि त्यो ग्रह जन्म राशिदेखि शुभ स्थानमा छ र त्यस शुभ स्थानको विद्ध स्थानमा कुनै ग्रह छैन भनेमात्र त्यसले शुभ फल प्रदान गर्दछ अन्यथा विद्ध स्थानमा ग्रह भएमा शुभ फल अशुभ फलमा परिवर्तन हुन जान्छ । त्यसै गरी कुनै ग्रह जन्म राशिदेखि विद्ध स्थानमा छ र त्यस विद्ध स्थानको शुभ स्थानमा कुनै ग्रह छैन भनेमात्र त्यसले अशुभ फल प्रदान गर्दछ अन्यथा 'दुष्टोऽपि खेटो विपरीतवेधाच्छुभो' भनिएकाले फल विपरीत हुन जान्छ । यहाँ 'पितुः सुतस्यात्र न वेधमाहुः' (दैवज्ञ, १९९०, पृ.१९४) अर्थात् बाबु छोराका बिचमा परस्पर वेध हुँदैन भनेको हुँदा बाबु छोरा नाता पर्ने ग्रहहरू सूर्य र शनि एवं बुध र चन्द्रमाका बिचमा वेध विचार गर्न नपर्ने हुन्छ । कश्यप ऋषिका अनुसार यो वेधको व्यवस्था हिमालय र विन्ध्य पर्वतको बीचको क्षेत्रका लागिमात्र हो, अन्यत्र यसको विचार गर्नु पर्दैन (दैवज्ञ, १९९०, पृ.२००) । यसरी वेध विचार नगरी लेखिएको राशिफल अशुद्ध एवं निरर्थक हुन्छ ।

## गोचरफलमा जन्मकालिक ग्रहबलको विचार

ज्योतिषशास्त्रले मानिसले पूर्व जन्ममा गरेका शुभ र अशुभ कर्महरूको यस जन्ममा भोग्नु पर्ने परिणामलाई ग्रहादिको विश्लेषणका माध्यमबाट व्यक्त गर्दछ (दैवज्ञ, १९८९, पृ.२) । जन्मकालिक ग्रहस्थिति

एवं बलाबलले व्यक्तिको समग्र जीवनलाई प्रभावित पारिरहेको हुन्छ । जन्मकालिक ग्रहहरूको शुभत्व र अशुभत्व एवं बलाबलको प्रभाव समग्र जीवनभरी ती ग्रहका गोचरफलमा पनि परिरहेको हुन्छ । ग्रहका गोचरफलको प्रबलतामा ती ग्रहहरूको जन्मकालिक अवस्थाको प्रत्यक्ष प्रभाव हुन्छ । जन्मकालमा बलवान् ग्रहको गोचरफलमा पनि त्यस्तै प्रबलता रहन्छ भने निर्बल ग्रहहरूको गोचरफलको प्रभाव कम रहन्छ । यसरी के कुरा स्पष्ट हुन्छ भने राशिफलमा लेखिएका फलहरू सरासर जीवनमा घटित भई हाल्ने नहुन सक्छन् । व्यक्ति विशेषलाई कुनै ग्रह विशेषको गोचरफलको प्रबलता न्यूनाधिक हुन सक्ने कुरा पनि विचार गर्नु पर्ने हुन्छ । ज्योतिषशास्त्रमा पर्याप्त वर्णित यो विषय कतिसम्म भरपर्दो हो या यो कुरा कत्तिको मननयोग्य हो भन्ने प्रश्नमा राशिफललाई प्रभाव पार्ने ग्रहवेध जन्मकालिक ग्रहस्थिति आदि कुराहरूले गर्दा कुनै निश्चित व्यक्ति विशेषका लागिमात्र लेखिएको राशिफल बाहेक समग्रमा सबैका लागि लेखिएका राशिफल न्यूनतम दश प्रतिशतदेखि अधिकतम नब्बे प्रतिशतसम्म मात्र विश्वासयोग्य हुनसक्छ । यो मनगढन्ते कुरा नभएर शास्त्रसम्मत विषय हो । व्यक्ति विशेषलाई हेरेर यस विषयको विश्वस्नीयता न्यूनतम दश प्रतिशत अवश्य रहन्छ भने यसको फललाई प्रभावित पार्ने धेरै कुराहरू भएकोले यो शतप्रतिशत विश्वास गरेर यसकै अनुरूप आफूलाई ढालेर हर्ष वा विस्मात मनाउनु पर्ने विषय होइन ।

## सामाजिक मनोविज्ञान

बिहान सवेरै उठ्नेबित्तिकै रेडियो टी भी पत्रपत्रिका वा अन्य सामाजिक सञ्जाल सबैतिर राशिफलको ओइरो लागिरहेको हुन्छ । हामीले हेर्न वा सुन्न चाहे नचाहे पनि यो हाम्रो सामुन्यमा उपस्थित भइहाल्छ । आस्तिक प्रवृत्तिको वा नास्तिक प्रवृत्तिको जस्तोसुकै व्यत्ति भए पनि सर्वप्रथम सबैले राशिफल पढ्ने गरेको देखिन्छ । कतिपयले यस कुरामा विश्वास व्यक्त गर्नु हुन्छ भने कतिपयले म त विश्वास गर्दिनँ भने पनि भित्रीरूपमा आफ्नो सूक्ष्म आस्था प्रकट गर्नु भएकै हुन्छ । राम्रो शुभ फल लेखेको भएमा मिलोस् या नमिलोस् हर्षानुभूति गर्ने र फल नराम्रो भएमा खिन्नता प्रकट गर्ने गरेको पाइन्छ । तर पनि सम्पूर्णरूपमा राशिफलका आधारमा आफूलाई ढाली दैनिक व्यवहार गर्ने गरेको चाँही देखिदैन । सबैको चासोको विषय भएकाले नै सञ्चार माध्यमहरूका लागि यो राम्रो बिकाउको विषय बनेको छ । यस विषयले समग्र समाजको मनोविज्ञानमा खासै असर पारेको देखिदैन । तर पनि यस विषयले राम्रै ग्राहक पाएको छ । अतः प्रकाशन प्रसारण गर्ने एवं लेखन गर्नेहरूलाई चाँही पक्कै राम्रो फाइदा दिराखेको छ । त्यस्ता व्यक्तिहरू अत्यन्त थोरै हुनुहुन्छ होला जसले आफ्नो दैनिकी एवं अन्य क्रियाकलापको निर्धारण राशिफलले भनेका आधारमा गर्नुहुन्छ । बिहान बिहानै आफ्नो राशिका बारेमा लेखिएका शुभ वा अशुभ कुराहरूले चाँही पक्कै पनि सबैलाई कम बेसी उत्साहित वा हतोत्साहित अवश्य बनाउँछ । सामान्तया सकारात्मक फलबाट उत्साहित हुनु राम्रै कुरा हो भने राशिफल पढेकै आधारमा हतोत्साहित भई हाल्नु पर्ने अवस्था चाँही पक्कै हुनुहुदैन । यदि कसैलाई साँच्चिकै राशिफलप्रति श्रद्धा विश्वास छ भने त्यस्ता व्यक्तिले आस्थावान् अनुभवी एवं यस कुरालाई व्यवसायीकरण नगरेका प्रामाणिक ज्योतिषीरूद्वारा लिखित राशिफल पढ्ने एवं वहाँहरूको परामर्श लिने गर्नु पर्दछ ।

## निष्कर्ष

वस्तवमा यो राशिफलको विषय यसरी अहिलेजस्तो व्यापार गर्ने विषय होइन । कुनै व्यक्ति

विशेषले कुनै निश्चित समयमा समग्र ग्रहपक्षका दृष्टिकोणबाट आफ्नो समय कस्तो चलिरहेको छ, ग्रहहरूको शुभाशुभत्व के कस्तो छ भनी जिज्ञासा राखेमा त्यस व्यक्तिको जन्मकालिक ग्रहस्थितिको विश्लेषण, तात्कालिक दशाफल विश्लेषण गरी फल बताएजस्तै तात्कालिक ग्रहस्थितिको फल विश्लेषण विवेचन गर्ने सन्दर्भमा गोचरफलको आवश्यकता पर्दछ । उदाहरणका लागि अढैया र साढेसाती दशा शनिको गोचरबाट उत्पन्न हुने दशा हुन् । खासमा कुनै निश्चित समयमा ग्रहहरूको गोचरफल विवेचन गर्ने सन्दर्भमा मात्र राशिफललाई लिनु पर्दछ । संसारभरीका सबै मानिसका लागि भनेर एकमुष्ट राशिफल लेख्ने अनि व्यापार गर्ने सन्दर्भमा यसलाई उपयोग गर्ने कुरा राम्रो मान्न सकिदैंन । यसले अधिकांश व्यक्तिलाई दिग्भ्रमित गर्ने एवं अनावश्यक तनाव दिने हुन सक्छ । जन्मकालिक ग्रहको बलाबल, ग्रहहरूको तात्कालिक शुभाशुभत्व एवं वेध आदि सबै कुराको समन्वयमा प्रत्येक व्यक्ति विशेषका लागि पृथक् पृथक् फलादेश गरिएको सन्दर्भमा यो विषय समाजोपयोगी सिद्ध हुन जान्छ ।

**कृतज्ञताज्ञापन**

प्रस्तुत लेख पढी सारगर्भित सुझाव एवं टिप्पणी गरेर लेख परिमार्जन गर्न सहयोग पुऱ्याउनुहुने विज्ञज्यूप्रति हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछु ।

## सन्दर्भ ग्रन्थसूची

दैवज्ञ, वराहमिहिर (सन् १९८९). *लघुजातकम्.* चौखम्बा सुरभारती प्रकाशन ।

शास्त्री, पं देवकीनन्दन (सन् १९९०). *बृहत्ज्योतिषसार.* जय नेपाल प्रकाशन ।

शर्मा, माधवप्रसाद (वि.सं २०५५). *ज्योतिः सारः.* बाबू माधवप्रसाद शर्मा ।

आचार्य, भास्कर (सन् २००४). *सिद्धान्तशिरोमणेः गोलाध्यायः,* (व्याख्या केदारदत्तजोशी). मोतीलाल वनारसीदास ।

दैवज्ञ, राम (सन् १९९०) *मुहूर्तचिन्तामणिः.* चौखम्बा सुरभारती प्रकाशन ।